मिति : २०८०/०९/२६, कापा बैठक संख्या:१७-०८०/८१

प्रमाणित
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्तावहरु**

१७.१. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन(LISA) सम्बन्धमा,

१७.२. आगामी गाउँसभाको तयारी सम्बन्धमा,

१७.३. ऐन तथा कार्यविधिको तर्जुमाको सैद्धान्तिक स्वीकृती सम्बन्धमा

१७.४. सामाजिक परीक्षण तथा सेवाग्राही सन्तुष्टी सर्वेक्षणको प्रतिवेदन उपर छलफल तथा अनुमोदन सम्बन्धमा

१७.५. रिङ्गरोडको लागि बिस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण सम्बन्धमा

१७.६. कञ्चन नदी तथा कोठी नदीको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) सम्बन्धमा

निर्णयहरू.

**१७.१. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) सम्बन्धमा**

- कञ्चन गाउँपालिकाको आ.व. २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को सूचकहरू र यस कार्यालयको अवस्थाको बारेमा बैठकमा वृहत रूपमा विश्लेषण एवं छलफल गरी मूल्याङ्कन गर्दा देहाय अनुसारको प्रारम्भिक अंकभार प्राप्त भएकोले बैठकले उक्त नतिजालाई अनुमोदन गरी जिल्ला समन्वय समिति रूपन्देही समक्ष पेश गर्ने ।

**तपसिल**

| क्र.सं. | विषयक्षेत्र | पूर्णाङ्क | प्राप्त अंकभार | कैफियत |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ८.५ | |
| २ | संगठन तथा प्रशासन | ८ | ५.२५ | |
| ३ | वार्षिक वजेट तथा योजना व्यवस्थापन | ११ | ७ | |
| ४ | वित्तीय एवं आर्थिक व्यवस्थापन | ११ | ८.७५ | |
| ५ | सेवा प्रवाह | १६ | १३.५ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ | |
| ८ | भौतिक पूर्वाधार | १३ | ६ | |
| ९ | सामाजिक समावेशीकरण | १० | ७ | |
| १० | वातावरण संरक्षण तथा विपद् व्यवस्थापन | ९ | ५.५ | |
| ११ | सहकार्य र समन्वय | ६ | ४.७५ | |
| जम्मा | | १०० | ७३.२५ | |

- आ.व. २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA) को प्राप्त प्रारम्भिक नतिजा उपर छलफल गरी आगामी वर्षहरूमा उल्लिखित विषयक्षेत्रहरूमा नीतिगत तथा कार्यगतरूपमा सुधार गर्न सूचकहरूसँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरी अंकभार बढाउने गरी कार्यसम्पादन गर्ने ।

कञ्चन गाउँपालिका

मिति : २०८०/०९/२६, कापा बैठक संख्या:१७-०८०/८१

१७.२. आगामी गाउँसभाको तयारी सम्बन्धमा

मिति २०८० पुष १६ गतेको कार्यपालिका बैठकबाट निर्णय भए बमोजिम वडाबाट संशोधनका लागि पेश भएका योजना र तोकिएको सिमाभित्र रही वडाबाट पेश भएका थप योजना तथा कार्यक्रम उपर बैठकमा छलफल भयो । उक्त योजना तथा कार्यक्रमहरू कार्यपालिका बैठकबाट अनुमोदन गरी आगामी सभाको बैठकमा स्वीकृतीका लागि पेश गर्ने ।

१७.३. ऐन तथा कार्यविधिको तर्जुमाको सैद्धान्तिक स्वीकृती सम्बन्धमा

यस गाउँपालिकाको कार्यहरूलाई नियमसंगत एवं थप व्यवस्थित तवरले सञ्चालन गर्नका लागि आवश्यक परेका देहाय बमोजिमका कार्यविधिहरू तर्जुमाका लागि सैद्धान्तिक सहमती प्रदान गर्ने :

देहाय

क. स्थानीय तहको विपद् व्यवस्थापन विधेयक,

ख. विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि,

ग. माटो उत्खनन ओसार-पसार, बिक्री वितरणको नियमन र नियन्त्रण सम्बन्धी कार्यविधि,

घ. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि ।

उपरोक्त विधेयक तथा कार्यविधिहरूको सम्बन्धित विषयगत समिति, गाउँपालिकाका विषयगत शाखाहरूको समन्वयमा मस्यौदा तयार गरी विधेयक समिति मार्फत कार्यपालिका बैठकमा पेश गर्ने ।

१७.४. सामाजिक परीक्षण तथा सेवाग्राही सन्तुष्टी सर्वेक्षणको प्रतिवेदन उपर छलफल तथा अनुमोदन सम्बन्धमा

यस गाउँकार्यपालिकाको कार्यालयबाट सम्पादित भएका काम कारबाहीको सम्बन्धमा आम जनताको राय तथा सेवाप्रवाहको सन्तुष्टी सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्नका लागि गाउँपालिकाको सामाजिक परीक्षण तथा सेवाग्राही सन्तुष्टी परीक्षणका लागि तेस्रो पक्षबाट स्वतन्त्र मूल्याङ्कनका लागि परामर्शदातासँग सम्झौता भए बमोजिम कार्यसम्पन्न गरी प्रतिवेदन प्राप्त भएकोले उक्त प्रतिवेदन उपर बैठकमा छलफल भयो । उक्त प्रतिवेदनबाट प्राप्त पृष्ठपोषण बमोजिम कार्य सुधारका लागि कार्यालयले सोही अनुसार कार्यसम्पादन गर्दै जाने र पेश भएको प्रतिवेदनहरू अनुमोदन गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिने ।

१७.५. रिङ्गरोडको लागि बिस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण सम्बन्धमा

यस गाउँपालिकाको स्वीकृत सडक गुरूयोजना (MTMP) बमोजिम तय भएको कञ्चन गाउँपालिकाको प्रस्तावित रिङ्गरोडको आगामी चैत्र मसान्तसम्म सम्पन्न गर्ने गरी परामर्शदाताबाट DPR गर्न लगाई सोको लागि संघीय सरकार समक्ष आगामी आर्थिक वर्षबाटै क्रमागत रूपमा कार्यक्रम सञ्चालन गर्ने गरी बजेट माग गर्दै प्रस्ताव पेश गर्ने । सोको लागि आगामी सभाबाट बजेट सुनिश्चित गर्ने ।

१७.६. कञ्चन तथा कोठी नदीको प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) सम्बन्धमा

यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने कञ्चन तथा कोठी नदीको किनारमा रहेका नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरणको सम्भाव्यता अध्ययन गर्नका लागि उक्त क्षेत्रको Initial Environmental Examination (IEE) गरी प्रतिवेदन बमोजिम थप कार्य अगाडी बढाउने ।